# जोशीपुर गाउँपालिका

## गाउँ सभाको १५ औं अधिवेशन दोस्रो बैठकमा

## गाउँपालिका उपाध्यक्ष श्री रेखा देवी कठरियाज्यूद्वारा प्रस्तुत

## आर्थिक वर्ष २०८३/०८४ को

# बजेट बक्तव्य

जोशीपुर गाउँपालिका

जोशीपुर,कैलाली

१२ आषाढ, २०८३

**गाउँ सभा अध्यक्षज्यू,**

**जोशीपुर गाउँपालिकाका गाउँसभा सदस्यज्यूहरु,**

**प्रमुख प्रशासकीय अधिकृतज्यू,**

**राष्ट्रसेवक कर्मचारी, पत्रकार तथा यहाँ उपस्थित सम्पूर्ण महानुभावहरु तथा जोशीपुर गाउँपालिकाबासी, दाजु भाई दिदि बहिनीहरु**

१. यस गरिमामय गाउँसभाको बैठकमा आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने महत्वपूर्ण अवसरमा यस गाउँपालिका उपाध्यक्षको हैसियतले स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था भए बमोजिम जोशीपुर गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को बार्षिक बजेट प्रस्तुत गर्न गइरहेको छु।

**श्रीमान् सभाध्यक्ष महोदय,**

*चालु आ.व. को बजेट नीति तथा कार्यक्रमको समिक्षा-*

२. यस जोशीपुर गाउँपालिकाको चालु आ.व.को जेठ मसान्त सम्मको पुजीगत तर्फ ३७ दशमलब ११ प्रतिशत र चालु तर्फ ७१ दशमलब ३८ प्रतिशत गरि जम्मा ६१ दशमलब ६१ प्रतिशत बजेट खर्च भएको छ।

३. चालु आ.व.को जेठ मसान्त सम्मको विविध क्षेत्रगत योजना तथा कार्यक्रम उपलब्धि समिक्षा यस प्रकार रहेको छ।

| सि.नं. | विषयगत क्षेत्र | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | आर्थिक विकास | ५४ दशमलब ८ | |
| २ | सामाजिक विकास | ६२ दशमलब ४३ | |
| ३ | पुर्वाधार विकास | ४३ दशमलब २९ | |
| ४ | सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र | ३९ दशमलब ५७ | |

| | | | |
|---|---|---|---|
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र | ७९ दशमलव ९२ | |
| ६ | खानेपानी क्षेत्रगत सुशासन अन्तर्गतको पुजीगत खर्च | ३० दशमलव २२ | |

४. संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड तथा समानीकारण अनुदान अनुमान बमोजिम तथा पालिकाको आन्तरिक राजश्व आपेक्षित रुपमा प्राप्त नहुदा पालिकाको सार्वजनिक सेवा प्रवाह, विकास निर्माण कार्य र नियमित रुपमा सञ्चालन गर्नुपर्ने योजना तथा कार्यक्रमहरु प्रत्यक्ष प्रभावित भइ भुक्तानी दायित्व सिर्जना हुनुको साथै त्यसको असर आगामी आर्थिक वर्षको वजेट तर्जुमा समेत देखिन गएको छ ।

**श्रीमान् सभाध्यक्ष महोदय,**

सोच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धी

सोचः जोशीपुर समृद्धिको आधार : कृषि उत्पादन, शिक्षा, स्वस्थ्य, संस्कृतिक पर्यटन र पूर्वाधार

५. लक्ष्यः कृषिको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्दै समृद्ध र सुखी गाउँपालिकाको निर्माण गर्ने।

६. उद्देश्य तथा अपेक्षित उपलब्धीः

क. उत्पादनशील क्षेत्रको उच्चतम परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि गर्दै आर्थिक विकासको आधार तयार गर्नु।

ख. गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खानेपानीको सुनिश्चितता गर्दै सामाजिक न्याय सहितको सांस्कृतिक समुन्नत समाज निर्माण गर्नु।

ग. गुणस्तरीय तथा प्रयोगकर्ता मैत्री पूर्वाधारको विकास गरी समृद्धिको आधार तयार गर्नु।

घ. वातावरणीय सन्तुलन कायम गर्दै जल, जमिन, जङ्गल, जैविक विविधता जस्ता प्राकृतिक श्रोत र सम्पदाको संरक्षण तथा विकास गर्नु,

ङ. संस्थागत तथा जनशक्तिको क्षमता विकास गरी सुशासन अभिवृद्धि गर्नु।

**श्रीमान् सभाध्यक्ष महोदय**

अब म आगमी आ.व.२०८३।०८४ को क्षेत्रगत रुपमा तय गरिएका बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्न गईरहेको छु ।

*आर्थिक विकास*

७. आर्थिक विकास क्षेत्र अर्थतन्त्रको महत्त्वपूर्ण पक्षको रुपमा रहेको कृषि, पर्यटन, सहकारी क्षेत्रको विकासका लागि रु.६५ लाख विनियोजन गरेको छु।

**क.** जोशीपुर गाउँपालिकाको प्रमुख आधारको रुपमा रहेको कृषि क्षेत्र उत्पादन तथा उत्पादकत्व बढाउन सञ्चालन गरिने विभिन्न कार्यक्रम सञ्चालनका लागि रु ३५ लाख विनियोजन गरेको छु।

**ख.** हरियो मल प्रवर्द्धन कार्यक्रम संचालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**ग.** किसान सहजीकरण कार्यक्रमलाई निरन्तरता गरेको छु ।

घ. पशुपालनलाई व्यवसायिक बनाउन पशु स्वास्थ्य कार्यक्रम,प्रयोगशाला सेवा कार्यक्रम,पशु आहरा सेवा कार्यक्रम सञ्चालन गर्न आवश्यक वजेट विनियोजन गरेको छु।

ङ. सहकारी क्षेत्रको क्षमता विकास र प्रवर्द्धन सम्बन्धी कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

च. हाटबजार संचालन तथा व्यवस्थापन गर्न आवश्यक रकम व्यवस्थापन गरेको छु ।

**श्रीमान् सभाध्यक्ष महोदय,**

*सामाजिक विकास*

८. गाउँपालिका स्तरीय सामाजिक विकास क्षेत्रको मेरुदण्डको रुपमा रहेका शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, दलित लक्षित वर्ग, मुक्त कमैया लगायत समग्र सामाजिक

क्षेत्रको विकासका कार्यक्रम कार्यन्वयन गर्न रु.२ करोड ५३ लाख विनियोजन गरेको छु।

गाउँपालिकाको कार्यालय
जोशीपुर कैलाली
सुदूरपश्चिम प्रदेश नेपाल
२०७३

क. विद्यालयमा शैक्षिक गुणस्तर सुधारका लागि विद्यालय भौतिक पूर्वाधार, दिवा खाजा, छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक, छात्राहरुका लागि निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन निरन्तरता दिइ आवश्यक बजेट विनियोजन गरेको छु ।

ख. सामुदायिक विद्यालयमा कार्यरत निजी स्रोत शिक्षकहरुका लागि प्रदान गरिने अनुदान कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

ग. सामुदायिक विद्यालयका कर्मचारी, बालविकास सहजकर्ता र कार्यालय सहयोगीहरुलाई नेपाल सरकारले उपलब्ध गराउने तलब भत्ता रकममा अपुग रकम गाउँपालिकाको आन्तरिक स्रोतबाट व्यवस्थापन गरि निरन्तरता दिन आवश्यक रकम विनियोजन गरेको छु।

घ. जोशीपुर गाउँपालिका वडा नं. ७ स्थित रहेको श्री रघुनाथ बहुमुखी क्यामपसलाई प्रदान गर्दै आएको छात्रवृत्ति अनुदान रकम निरन्तरता दिदै आवश्यक रकम विनियोजन गरेको छु।

ङ. जोशीपुर गाउँपालिका भित्रका गर्भवती महिलाहरुका लागि प्रसुति स्याहार तथा व्यवस्थापन गर्न निशुल्क एम्बुलेन्स सेवा सञ्चालन कार्यक्रम निरन्तरताका लागि आवश्यक रकम विनियोजन गरेको छु।

च. सिकल सेल एनिमिया रोगीहरुलाई पहिचान गरी निशुल्क स्वास्थ्य वीमा कार्यक्रम सञ्चालन गर्न निरन्तरता गरेको छु ।

छ. स्वास्थ्य संस्थाबाट प्रदान गरिने ९८ प्रकारका औषधि निशुल्क प्रदान गर्न रु.२५ लाख विनियोजन गरेको छु।

ज. विशेष लक्षित कार्यक्रमहरुका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

झ. जेष्ठ नागरिक दिवा सेवा केन्द्र संचालन तथा स्थापना गरिने छ ।

ञ. गर्भवती महिलाहरुलाई निशुल्क रक्त परीक्षण कार्यक्रम, नमुना पोषण कार्यक्रम सञ्चालन गर्न निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेको छु।

ट. उमेरहदका कारण अनिवार्य अवकाश हुने महिला स्वास्थ्य स्वंयम सेविकाहरुलाई अवकाश अनुदानका लागि निरन्तरता दिन आवश्यक रकम विनियोजन गरेको छु।

ठ. जोशीपुर गाउँपालिका वडा नं. १ पिपरकोटी, वडा नं. ३ बन्जरिया, वडा नं. ४ झबही र वडा नं. ६ सिमरीमा वर्थिङ्ग सेन्टर शैया र उपकरण सहित निर्माण गरी संचालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु

श्रीमान् सभाध्यक्ष महोदय,

*पूर्वाधार विकास*

९. पूर्वाधार विकास क्षेत्र अन्तर्गत खानेपानी आयोजना निर्माण, तटबन्धन,पक्कीपुल, पक्की सडक, कोल्ड स्टोर, भवन, घेरवार, अन्य सर्वजानिक संरचना निर्माण लगायत समग्र पूर्वाधार क्षेत्रको विकासका लागि सशर्त अनुदान पुजीगत समेत गरि रु ४६ करोड ३५ लाख ६३ हजार रकम विनियोजन गरेकोछु।

क. विश्व बैंक, संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा खानेपानी क्षेत्रगत सुशासन तथा पुर्वधार सहयोग आयोजना अन्तर्गत जोशीपुर खानेपानी आयोजना, घैलाबौनियाँ – रामनगर- सिमराना खानेपानी आयोजना,पटाउपुर खानेपानी आयोजना,लोखरी-सिमरी खानेपानी आयोजना,लक्कडमण्डी-नबदुर्गा खानेपानी आयोजना र सार्वजनिक शौचालय निर्माण गर्नका लागि ४१ करोड ७२ लाख १६ हजार बजेट विनियोजन गरी निरन्तरता दिएको छु ।

ख. जोशीपुर गाउँपालिका वडा नं. १ बडहरिया स्थित कोल्ड स्टोर भवन निर्माण कार्य सम्पन्न गर्नका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

ग. संघ सरकार र प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदानमा विभिन्न योजना निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

घ. संघ सरकारको विशेष अनुदान अन्तर्गत काँढा नदिमा तटबन्धन निर्माणका लागि रु.१ करोड ५ लाख रकम विनियोजन गरेको छु।

ङ. प्रदेश सरकारको प्राप्त विशेष अनुदान अन्तर्गत तथा कार्यक्रम संचालन गर्नका लागि रु ६६ लाख ५० हजार विनियोजन गरेको छु।

च. संघ, प्रदेश ,अन्य सरकारी तथा गैर सरकारी संघ संस्था र गाउँपालिका वीच लागत साझेदारीमा सञ्चालन गरिने विभिन्न योजना तथा कार्यक्रमका लागि सह लगानी बापतको आवश्यक रकम विनियोजन गरेको छु।

श्रीमान् सभाध्यक्ष महोदय,

*बन, बवातावरण तथा विपद व्यवस्थापन*

१०. बन बतारबरण तथा विपद् व्यवस्थापनका लागि रु १० लाख विनियोजन गरेको छु।

क. विपद् व्यवस्थापनको राहत कोषमा आवश्यक रकम जम्मा गरि विपदको पुर्व तयारी, उद्दार र पुनर्स्थापना कार्य, विद्यालय स्तरीय विपद व्यवस्थापन तथा प्रतिकार्य सम्वन्धी कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्थापन गरेको छु।

ख. विपद् व्यवस्थापन तथा प्राकृतिक प्रकोपलाई मध्येनजर गर्दै नेपाल प्रहरी र सशस्त्र प्रहरी संग विभिन्न कार्यक्रम तथा तालिम संचालनका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

श्रीमान् सभाध्यक्ष महोदय,

*संस्थागत विकास, सेवा प्रवाह र सुशासन*

११. जोशीपुर गाउँपालिकाको नियमित दैनिक कार्यालय प्रशासन सञ्चालन तथा सेवा प्रवाह गर्न आवश्यक रकम १० करोड २ लाख ५९ हजार रुपैयाँ विनियोजन गरेको छु ।

क. जोशीपुर गाउँपालिकाको राजश्व अभिवृद्धि गर्न करको दायरा विस्तार गर्न राजश्व सुधार कार्यक्रम संचालन गरिने छु ।

ख. जनप्रतिनिधि र कर्मचारीको क्षमता अभिवृद्धि लागि आवश्यक तालिको व्यवस्था मिलाइने छ।

ग. स्वतः प्रकाशन, मासिक, चौमासिक तथा वार्षिक खर्च तथा प्रगतिको सार्वजनिकीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, व्यवस्थापन परिक्षण, गुनासो व्यवस्थापन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

## रोजगार सेवा केन्द्र

१२. उत्पादन र उद्यमशिलता मार्फत रोजगारी सृजना तथा न्युनतम रोजगारी प्रत्याभूती सिप बिकास उद्यमशिलता प्रवर्द्धन र पुनःएकिकरण कार्यक्रम संचालन गर्नका लागि सशर्तको रकम रु. १० लाख ४७ हजार र सोहि सतप्रतिशत स्थानीय तहको रु. १० लाख ४७ हजार साझेदारी गरी २० लाख ९४ हजार रकम विनियोजन गरेको छु ।

१३. डिजिटल श्रम तथा रोजगार सेवा सम्बन्धी सरोकारवाला अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।

## भुमि ईकाइ

१४. संघीय सरकारको नीति बमोजिम भूमी सम्बन्धी सम्पुर्ण व्यवस्थापकीय कार्यका लागि रु.१० लाख बजेट विनियोजन गरेको छु।

## न्यायिक ईकाइ

१५. संविधानले परिकल्पना गरेको र स्थानीय सरकार संचालन ऐन, २०७४ ले न्यायीक समितिलाई दिएको अधिकार बमोजिम र आ.ब. २०८३/०८४ मा विभिन्न कार्यक्रम संचालन गरिनेछ र सो को लागि रु१० लाख बजेट विनियोजन गरेको छु।

**श्रीमान् सभाध्यक्ष महोदय,**

अब म आ.ब. २०८३।०८४ को अनुमानित राजश्व र व्यय अनुमानको खाका प्रस्तुत गर्न गइरहेको छु।

## आ.व. २०८३।०८४ को अनुमानित राजश्व र व्यय अनुमान

| | |
|---|---|
| संघीय वित्तीय समानिकरण | रु. ११ करोड ३७ लाख |
| प्रदेश वित्तीय समानिकरण | रु. १ करोड ९ लाख ८४ हजार |
| संघीय राजश्व बाँडफाँड | रु. ९ करोड ६४ लाख ४३ हजार |
| प्रदेश राजश्व बाँडफाँड | रु. ३८ लाख १६ हजार |
| संघीय सर्शत अनुदान (चालू) | रु. १७ करोड ४२ लाख |
| संघीय सर्शत अनुदान (पुजीगत) | रु. ३६ करोड ५६ लाख |
| प्रदेश सर्शत अनुदान (पुजीगत) | रु.६करोड २७ लाख १६ हजार |
| संघीय सरकारको विशेष अनुदान | रु.२ करोड ८५ लाख |
| संघीय सरकारको समपुरक अनुदान | रु.५० लाख |
| प्रदेश सरकारको विशेष अनुदान | रु.६६लाख ५० हजार |
| प्रदेश समपूरक अनुदान | रु.२२ लाख १३ हजार |
| आन्तरिक आय | रु. १ करोड ८२ लाख २० हजार ५ सय |
| अल्या रकम अनुमानित | रु २५ लाख |
| जम्मा (सामाजिक सुरक्षा बाहेक) | रु ८९ करोड ५ लाख ४२ हजार ५ सय |

चालुगत तर्फको बजेटः ४२ करोड ६९ लाख ७९ हजार ५ सय प्रतिशतमा ४७ दशमलब ९४ प्रतिशत

पुजीगत तर्फको बजेटः ४६ करोड ३५ लाख ६३ हजार प्रतिशतमा ५२ दशमलब ०६ प्रतिशत

अन्त्यमा, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधानमा भएको व्यवस्था बमोजिम स्थानीय तहको सरकारको हैसियतले प्रस्तुत गरिएको आगामी आ.व. को वार्षिक बजेट बक्तव्य सफल पार्न सहयोग पुर्याउनु हुने गाउँसभाका सभाध्यक्ष महोदय, सम्पूर्ण सदस्यज्यूहरु, गाउँपालिकाबासी, नेपाल सरकार, प्रदेश सरकार, सबै राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, शिक्षक तथा बुद्धिजीवी, नागरिक समाज, पत्राकार तथा सम्पूर्ण सरोकारवाला महानुभावहरुमा हार्दिक धन्यवाद दिन चाहन्छु।

धन्यवाद!